# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## भानु जयन्तीको शुभकामना

२१२ औँ भानु जयन्तीको अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरू अनि भारतलगायत संसारभरि छरिएर रहनुभएका नेपालीभाषी दिदीबहिनी र दाजुभाइहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु।

वि.सं. १८७१ साल असार २९ गते अर्थात् आजकै दिन तनहुँको चुंदी रम्घामा जन्मनुभएका नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यले नेपाली भाषालाई साहित्यिक धरातलमा स्थापित गरि जनजिब्रोमा मिसाउनु भएको ऐतिहासिक योगदान हामी सबैका लागि गर्वको विषय हो। उहाँले वाल्मिकी रचित संस्कृतको रामायणलाई सरल र मिठासपूर्ण नेपाली भाषामा अनुवाद गरी गाउँघरसम्म पुऱ्याउनु भयो, जसले गर्दा नेपाली भाषाका साथसाथै हाम्रो साँस्कृतिक चेतना पनि उजागर भयो। हाम्रा गाउँघरहरू रामायणका श्लोक वाचनले गुन्जायमान हुन्थे। प्रायः सबैजसोका लागि रामायण कर्णप्रिय ग्रन्थ थियो र  आज पनि छ।

भानुभक्तले देखाएको साहित्यिक मार्गले हामीलाई आफ्नो पहिचानको संरक्षण र संवर्द्धन गर्ने प्रेरणा दिएको छ। उहाँको काव्यमा रहेको सरलता र राष्ट्रिय आत्मसम्मान आज पनि उत्तिकै सान्दर्भिक छ। यस अवसरले हामीलाई आफ्नो गौरवपूर्ण  भाषा, साहित्य र संस्कृति प्रतिको सम्मान  र कर्तव्य स्मरण गराउँछ। त्यतिमात्र होइन भानुभक्त आचार्यको घाँसीसँगको जम्काभेट जीवनको खुसी र सत्मार्गको प्रेरक प्रसङ्गसँग जोडिएको  छ। यसमा लोक कल्याणकारी मार्ग अपनाउने गहन सन्देश प्रवाह भएको छ।

आजको दिनले हामी सबैमा एकताको भावना थप प्रगाढ बनाई, नयाँ पुस्तामा साहित्यिक चेतना भरेर सिर्जनशीलताको नयाँ युगको प्रारम्भ गराओस् भन्ने मेरो हार्दिक कामना छ। भानुभक्तले देखाएको  मार्गमा  हामी सबै अघि बढी  नेपाली भाषा र साहित्यलाई माया र सम्मान गर्न सकौं, अन्तर्राष्ट्रिय जगतमा नेपाली साहित्यलाई अझ उजागर गर्न सकौं भन्ने आशा व्यक्त गर्दछु।

अन्तमा साहित्यिक महानायक आदिकवि भानुभक्त आचार्यप्रति भावपूर्ण श्रद्धाभाव व्यक्त गर्दै पुनः सबैमा भानु जयन्तीको शुभकामना व्यक्त गर्दछु।

**२०८२ साल असार २९ गते, आइतबार**
**ने. सं. ११४५ दिल्लागा: तृतीया**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**